महिलाको सुरक्षा तथा न्यायमा पहुँचको अभिवृद्धिको लागि

महिला तथा बालबालिका सेवा केन्द्रको सुधारका क्षेत्रहरु

International Alert.
Understanding conflict. Building peace.

SAFERWORLD
PREVENTING VIOLENT CONFLICT. BUILDING SAFER LIVES

१ परिचय

सबै मानिसहरू मानवमूल्य र मर्यादा समान हुन्छन् । तसर्थ एकअर्काबीच सहअस्तित्वका भावले व्यवहार गरिनु पर्दछ । मानवअधिकारको विश्वव्यापी यस्तो मापदण्ड भए पनि परम्परागत मूल्यमान्यता, व्यक्तिगत आनीबानी, परिस्थितिजन्य उत्तेजना, पूर्वाग्रह र प्रतिशोधका भावना आदि अनेक कारणले समाज वा समुदायमा विवाद, द्वन्द्व वा हिंसापूर्ण व्यवहार हुँदै आएका छन् । यस्तो व्यवहार र घटनामा पीडित हुनेमा महिला र बालबालिका बढी हुने गरेका छन् ।

लैङ्गिक दृष्टिकोणबाट न्याय तथा सुरक्षा क्षेत्रका चुनौतीहरूमध्ये लैङ्गिक हिंसा एक प्रमुख चुनौतीको रूपमा रहेका छन् । कसैलाई पनि शारीरिक, मानसिक, मनोवैज्ञानिक, सामाजिक क्षति पुऱ्याउने गरी गरिने व्यवहार हिंसा हो । शारीरिक चोट पुऱ्याउनु मात्रै हिंसा होइन, अत्मसम्मानमा ठेस पुऱ्याउने आचरण वा वाणीका माध्यमबाट गरिने व्यवहार तथा भययुक्त वातावरण र जोखिमपूर्ण अवस्था पनि हिंसा हो । समाजमा विद्यमान लैङ्गिक विभेदका कारण विशेष गरी महिलाहरू विभिन्न प्रकारका हिंसाहरूका सिकार भइरहेका छन् । नेपाली समाजमा सांस्कृतिक, जातीय, भाषिक, धार्मिक, सामाजिक, परम्परागत विश्वास र मूल्यमान्यताका आधारमा महिला भएकै कारण महिलाविरूद्ध हुने हिंसाको अत्यधिक विद्यमानता छ । महिलाहरूले आफ्नो घरपरिवारदेखि

नीजि वकालतपत्रको पृष्ठभूमि

महिलाको सुरक्षा तथा न्यायाम पहुँचको सन्दर्भमा नेपाल प्रहरीभित्रको महिला तथा बालबालिका सेवा केन्द्र एक महत्वपूर्ण निकायको रूपमा पहिचान गरिएको छ । विशेष गरी *"**नेपालमा प्रभावकारी, समावेशी र उत्तरादायी सार्वजनिक सुरक्षा नीति तथा कार्यक्रममा योगदान गर्नका लागि नागरिक सबलिकरण**"* परियोजना अन्तर्गत मानव अधिकार सञ्चार प्रतिष्ठान, नेपाल (इरिकन)द्वारा सञ्चालित जिल्लास्तरको विविध कार्यक्रममा समेत नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रको सुधार र प्रभावकारिताका सम्बन्धमा आवश्यकता औंल्याइएको थियो ।

यसै विषयमा केन्द्रित रही यो वकालतपत्र तयार पारिएको छ । यो नीति वकालतपत्र तयार पार्ने क्रममा वकालतपत्रमा उठाउने विषयवस्तुको सन्दर्भमा महिला सशक्तिकरण तथा समन्वय इकाइ, प्रधानमन्त्री कार्यालय; महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय; कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय; राष्ट्रिय मानव अधिकार आयोग; राष्ट्रिय महिला आयोग; महान्यायाधिवक्ताको कार्यालय; नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालय; महिला तथा बालबालिका विभाग; महिला तथा बालबालिका सेवा केन्द्र, कालिमाटी; र नेपाल बार एशोसियसनका प्रतिनिधिसँग छलफल गरिएको थियो । यस्तै यस नीति वकालतपत्रको मस्यौदामाथि सरोकारवाला सरकारी तथा गैरसरकारी संस्थाहरूको प्रतिनिधिहरूबीच छलफल गोष्ठीको आयोजना गरिएको थियो । यसरी विभिन्न निकायका प्रतिनिधिहरूसँग भएका बेग्ला बेग्लै छलफल तथा छलफल गोष्ठीमा उठेका सुझावहरू समेतको आधारमा यस नीति वकालतपत्रलाई अन्तिम रूप दिइएको हो ।

यो नीति वकालतपत्र इन्टरनेशनल एलर्ट, सेफर वर्ल्ड, इरिकोन तथा महिला, कानुन र विकास मञ्चको "नेपालमा प्रभावकारी, समावेशी र उत्तरादायी सार्वजनिक सुरक्षा नीति तथा कार्यक्रममा योगदान गर्नका लागि नागरिक सबलीकरण" सम्बन्धी संयुक्त परियोजना अन्तर्गत महिला, कानुन र विकास मञ्च (FWLD) ले तयार पारेको हो ।

समुदाय, बजार, कार्यस्थल, सेवाप्रदायक संस्था र राज्यस्तरसम्म पनि लैङ्गिक हिंसाको सामना गरिरहेका हुन्छन् । पितृसत्तात्मक सामाजिक संरचना र लैङ्गिक पूर्वाग्रही सोचका कारण हिंसा पीडित महिलाहरू न्यायबाट वन्चित हुनका साथै कतिपय अवस्थामा सामाजिक लाञ्छना पनि सहन बाध्य छन् ।

नेपालको अन्तरिम संविधान २०६३ ले लैङ्गिक हिंसाविरूद्धको हकलाई मौलिक हकको रूपमा राखेको छ । यस्तै नेपालका विभिन्न कानुनहरूले लैङ्गिक हिंसा, विशेष गरी महिलाविरूद्ध हुने हिंसालाई निषेध गरेको छ र दण्डनीय बनाएको छ । तथापि, हिंसा र भेदभावविरूद्धको महिलाको मानवअधिकारको संरक्षण पर्याप्त हुन सकेको छैन ।

यसै सन्दर्भमा ***"नेपालमा प्रभावकारी, समावेशी र उत्तरादायी सार्वजनिक सुरक्षा नीति तथा कार्यक्रममा योगदान गर्नका लागि नागरिक सबलीकरण"*** परियोजना अन्तर्गत विभिन्न जिल्लामा विगत दुई वर्षदेखि सञ्चालित कार्यक्रममार्फत इन्टर नेसनल एलर्ट, सेफर वर्ल्ड, मानव अधिकार सञ्चार प्रतिष्ठान, नेपाल (इरिकन) तथा महिला, कानुन र विकास मञ्चले लैङ्गिक दृष्टिकोणबाट न्याय तथा सुरक्षा क्षेत्रको समस्याहरूमध्ये एक समस्याको रूपमा लैङ्गिक हिंसालाई पहिचान गरेका छन् ।

लैङ्गिक हिंसालाई नियन्त्रण गर्ने कानुनी व्यवस्थाका अतिरिक्त सरकारले महिलाविरूद्धको लैङ्गिक हिंसाको रोकथाम, न्यूनीकरण र पीडितको न्यायिक उपचारका लागि सरकारले केही नीति र संयन्त्रको तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रयास गरेको छ । लैङ्गिक हिंसा नियन्त्रण गर्ने तथा हिंसा पीडित महिलाको न्यायमा पहुँच स्थापित गर्ने प्रकृयाको एक महत्वपूर्ण निकायको रूपमा नेपाल प्रहरी रहेको छ । नेपाल प्रहरीअन्तर्गत लैङ्गिक हिंसाको विषयलाई सम्बोधन गर्न केन्द्रियस्तरमा महिला तथा बालबालिका सेवा निर्देशनालय र सोअन्तर्गत सबै जिल्लाहरूमा महिला तथा बालबालिका सेवा केन्द्रको स्थापना र सञ्चालन भइरहेको छ ।

शान्ति सुव्यवस्था कायम गर्ने उद्देश्यसहित अपराध रोकथाम र नियन्त्रणमा नेपाल प्रहरीका जिम्मेवारीहरू

- अधिकार प्राप्त अधिकारीले कानुन बमोजिम दिएको आदेश र जारी गरेको वारेण्ट तदारूकतासाथ पालन तथा तामेल गर्नु ।
- शान्ति र सु-व्यवस्थालाई असर पार्ने खालको खबर संकलन गर्नु र माथिल्लो तहका अधिकारीलाई जानकारी दिनु ।
- अपराधको रोकथाम गर्नु र जनतालाई अनावश्यक झन्झटमा पर्नबाट बचाउ गर्नु ।
- अपराधीहरु पत्ता लगाउनु र अपराधीलाई कानुन बमोजिम सजाँय गराउनु ।
- कानुन बमोजिम पक्रनु पर्ने व्यक्तिलाई पक्रनुपर्ने पर्याप्त कारण भएका व्यक्तिहरूलाई पक्रनु ।
- प्रचलिन कानुन बमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्ने ।

नेपाल प्रहरी ऐन, २०१२, दफा १५

सेवा केन्द्रलाई अन्य कुराका अतिरिक्त महिला हिंसाविरूद्धका उजुर लिने, पीडित महिलाको सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाउने, र यसका लागि विभिन्न निकायको सहयोग समन्वय गर्ने जिम्मेवारी सुम्पिएको छ । महिलाविरूद्धको हिंसाका पीडितको लागि सेवा केन्द्रहरु सुलभ सेवाका माध्यमबाट न्यायको अनुभूति गराउनका लागि सहायक बनेका छन् भने निर्देशनालयले यस्तो कार्यको संयोजन, सुपरिवेक्षण र मार्गनिर्देशनको काम गरेको छ ।

"नेपालमा प्रभावकारी, समावेशी र उत्तरादायी सार्वजनिक सुरक्षा नीति तथा कार्यक्रममा योगदान गर्नका लागि नागरिक सबलीकरण" परियोजना अन्तर्गत बाँके तथा सुनसरी जिल्लामा साझेदार संस्थामध्ये मानव अधिकार सञ्चार प्रतिष्ठान, नेपाल (इरिकन)ले विभिन्न कार्यक्रमहरू

नीति वकालतपत्रको उद्देश्य

नीति कुनै पनि विषयवस्तुमाथि राज्यको एक वृहत्तर अवधारणा हो । राज्यले सार्वजनिक चासो र सरोकारको विषयमा के गर्ने वा नगर्ने विषयमा तय गरिएको अवधारणा हो । अर्को अर्थमा भन्दा नीति विधिको शासन संचालन गर्ने माध्यम हो, राज्य संयन्त्रलाई सार्वजनिक हित प्रवर्द्धन गर्न तथा अनुशासन कायम गर्ने माध्यम हो । समष्टिमा भन्दा कुनै पनि क्षेत्र वा विषयमा राज्यले लिएको वा लिने वृहत्तर अवधारणा वा दृष्टिकोण नै नीति हो । यस नीति वकालतपत्र राज्यको महिलाको सुरक्षा र न्यायको पहुँचको सवालमा ने पाल प्रहरी अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्रकोभूमिकाको सन्दर्भमा गरिनु पर्ने सुधारको सम्बन्धमा आफ्नो अध्ययन तथा कार्यक्रमको अनुभवको आधारमा गैरसरकारी संस्थाहरूले सम्बन्धित निकायलाई सहयोग पुऱ्याउने उद्देश्यले तयार पारिएको हो । यस नीति वकालतपत्रले महिलाका सुरक्षा र न्यायका अवस्था सुदृढीकरणको लागि महिला तथा बालबालिका सेवा केन्द्रको भूमिका, क्षेत्राधिकार र कार्यान्वयनमा गर्नुपर्ने सुधारका क्षेत्रहरू औंलाइएका छन् ।

सञ्चालन गरिएको थियो । विशेष गरी जिल्लास्थित विभिन्न सरोकारवाला निकायहरू (नागरिक समाज, पत्रकार, महिला तथा बालवालिका कार्यालय, जिल्ला प्रहरी कार्यालय) को सहभागितामा जिल्ला स्तरिय सुरक्षा सरोकार समूह गठन गरिएको थियो । उक्त सरोकार समूहका सदस्यहरूलाई लैङ्गिकता, सुरक्षा तथा पैरवीसँग सम्बन्धित तालिम, पुर्नताजगी तालिम, लैङ्गिक हिंसाका संचारमा आएका घटनाहरूको अनुगमन, घरेलु हिंसाको न्यूनिकरणका लागि सरोकारवाला निकायहरूका बीचमा अन्तरक्रिया कार्यक्रम, स्थानीय सञ्चार माध्यम (एफ. एम. रेडियो) मार्फत घरेलु हिंसाको विरूद्धमा सचेतनामूलक कार्यक्रम, घरेलु हिंसा न्यूनिकरणका लागि युवासँगको सहकार्यमूलक कार्यक्रम, सडक नाटक, घरेलु हिंसा विरूद्धको च्याली, सार्वजनिक सुनुवाई, होर्डिङ बोर्ड राख्ने लगायतका कार्यक्रमहरू सञ्चालन गरिएको थियो । उपरोक्त कार्यक्रम सञ्चालन गर्दा घरेलु हिंसा महिला विरूद्धको गम्भीर सुरक्षाको चासो र सरोकारको विषय पाइएको थियो । तथापि घरेलु हिंसाको विषय सम्बन्धित सरोकारवाला निकायहरूको प्राथमिकताको विषय नरहेको, घरेलु हिंसा (कसूर तथा सजाय) ऐन प्रभावकारी रूपमा कार्यान्वयन नभएको, महिला तथा बालबालिका सेवा केन्द्र (जिल्ला प्रहरी कार्यालय) मा उपयुक्त स्थान तथा परामर्शको अभाव, घरेलु हिंसालाई अझै पनि घर भित्रकै विषयको रूपमा लिने गरेको, न्यायिक प्रक्रिया अत्यन्त लामो र झन्झटिलो मानिएको, राजनीतिक हस्तक्षेपका कारण दण्डहिनता मौलाउँदो रहेको आदि समस्याहरू देखिएको थियो ।

महिला तथा बालबालिकाविरूद्धका हिंसामा प्रत्यक्ष सरोकार राख्ने महिला तथा बालबालिका सेवा केन्द्रमा पीडितहरूको पहुँच अन्य निकायभन्दा सरल र सहज रहेको देखिन्छ । तर महिला तथा बालबालिका सेवा केन्द्रमा भौतिक तथा जनशक्तिको अभाव, पर्याप्त कानुनी अधिकारको अभाव लगायतका समस्या रहेको देखिन्छ । उक्त सेवा केन्द्रको सवलीकरण तथा श्रोत साधन सम्पन्न एवं दक्ष जनशक्तिको व्यवस्था हुन सकेमा समग्र हिंसा पीडित महिला तथा बालबालिकाले सुरक्षा तथा न्याय प्राप्त गर्ने मार्गमा ठोस योगदान पुऱ्याउन सक्ने देखिन्छ । यस परिप्रेक्ष्यमा महिला तथा बालबालिका सेवा केन्द्रको भूमिकालाई नीति कार्यपत्रको विषयको रूपमा छनौट गरिएको छ । यसरी छनौट गरिएको विषयको सन्दर्भमा उल्लेखित नीतिगत, संरचनागत, प्रक्रियागत र व्यावहारिक समस्याको आधारमा समाधानका सम्भाव्य उपाय औंल्याउँदै सुझाइएको कार्यमूलक नीति वकालतपत्र तयार पारिएको छ ।

२ लैङ्गिक हिंसाका घटना र महिला तथा बालबालिका सेवा केन्द्रको भूमिका

नेपाल प्रहरी, महिला तथा बालबालिका सेवा निर्देशनालयबाट उपलब्ध तथ्यांकलाई हेर्दा घरेलु हिंसा, बलात्कार, मानव बेचबिखन, गर्भपतन, बहुविवाह, बालविवाह तथा बलात्कारको उद्योग जस्ता घटनाहरू महिला विरूद्धका हिंसाको रूपमा दर्ता हुने गरेको देखिन्छ । विगत २०५३ देखि २०६७/६८ सम्मको तथ्यांकलाई हेर्दा यस्ता घटनाका उजुरीहरू निरन्तर बढी रहेको देखिन्छ । हुन त यस्ता उजुरीहरूको वृद्धि हुनुमा अपराधका वास्तविक घटनाहरूको वृद्धि भएर हो वा जनसमुदायको चेतनास्तर वृद्धि भएर पहिले घर परिवार वा समाजभित्र दबिएका घटनाहरू बाहिर आएर भएका हुन् भन्ने स्पष्ट तथ्यांक छैन । तर, महिला तथा बालबालिकाविरूद्ध हुने अपराधहरूको उजुरी बढ्ने क्रमसँगै प्रहरीले निर्वाह गर्नुपर्ने भूमिकाको सन्दर्भमा महिला उपरका हिंसा न्यूनिकरण गर्ने, महिला तथा बालबालिकालाई कसरी व्यवहार गर्ने र उनीहरूमा न्यायको सुनिश्चितता कसरी गर्ने भन्ने सन्दर्भमा विशेषज्ञता सहितको विशेष निकायको रूपमा महिला तथा बालबालिका सेवा केन्द्रहरूको स्थापना भएका छन् । नेपाल प्रहरीभित्र पनि लैङ्गिक मैत्री वातावरण र संवेदनशीलता सिर्जना गर्न महिला तथा बालबालिका सेवा निर्देशनालयको समेत स्थापना वि.सं. २०६५/०७/२० गते भएको छ । महिला तथा बालबालिकाविरूद्धको हिंसा नियन्त्रणको लागि महिला तथा बालबालिका सेवा केन्द्रहरूको विस्तार एवम् सेवा केन्द्रको कार्य क्षमता र प्रभावकारिता एवं जनस्तरमा विस्वासनीयतालाई बढाउन सरकारी तथा गैर सरकारी (राष्ट्रिय तथा अन्तर्राष्ट्रिय) संस्थाहरूसंग आवश्यक समन्वयकारी भूमिका निर्वाह गर्न जरूरी छ ।

नेपाल सरकारको निर्णय अनुसार निर्देशनालयमा

क्र.सं	बर्ष	घरेलु हिंसा	वलात्कार	वेचविखन	गर्भपतन	वहुविवाह	वालविवाह	बलात्कारको उद्योग
१.	२०५३-५४	३३७	११२	११७	७४	१०१	५	३४
२.	२०५४-५५	२२८	१८१	१३०	१०१	१३५	३	३४
३.	२०५५-५६	४१६	१४१	११०	८१	९३	१	१८
४.	२०५६-५७	६६७	१८६	१२०	८९	९६	५	११
५.	२०५७-५८	४४९	१२२	९२	५५	७५	१	३५
६.	२०५८-५९	४१०	१३०	४०	१४	५१	-	१९
७.	२०५९-६०	५३९	१५७	५५	१५	६९	२	१८
८.	२०६०-६१	९२२	१५५	५७	८	४४	३	१८
९.	२०६१-६२	६३०	१७४	७२	११	६६	१	२६
१०.	२०६२-६३	९३९	१८९	९७	१४	६५	१	४१
११.	२०६३-६४	११००	१३७	११२	३	९४	७	७०
१२.	२०६४-६५	८८१	३०९	१२३	१३	१२२	४	७३
१३.	२०६५-६६	९६८	३९१	१३९	१२	१७०	२	७५
१४.	२०६६-६७	९८३	३७६	१६१	८	१४६	७	१०१
१५.	२०६७-६८	१३५५	४८१	१८३	१२	१९७	२	१५१

स्रोतः महिला तथा बालबालिका सेवा निर्देशनालय, नेपाल प्रहरी

प्रहरी नायव महानिरीक्षकको दरबन्दी सृजना भई हाल यसले महिला तथा बालबालिकाहरूको हक अधिकारको संरक्षण र उत्थानको लागि आवश्यक कार्य गर्दै आईरहेको छ । अपराधबाट पीडित र प्रभावित हुन सक्ने महिला तथा बालवालिकालाई उजुरी गर्ने सहज वातावरण प्रदान गरी न्यायको पहुंचको सुनिश्चितता गर्ने र महिला तथा बालबालिकाविरूद्धको हिंसा न्यूनिकरण गर्नु महिला तथा बालबालिका सेवा निर्देशनालयको प्रमुख लक्ष्य रहेको छ । यस निर्देशनालयले अपराध अनुसन्धान विभागको प्रत्यक्ष मातहतमा रही काम कारवाही गर्ने गर्दछ ।

३ महिला तथा बालबालिका सेवा केन्द्रको उद्देश्य र संरचनागत व्यवस्था

महिला तथा बालबालिकालाई सहज रूपले उजुरी दिने वातावरण बनाउन, महिला तथा बालबालिकालाई विशेष व्यवस्था गरेको अनुभूत गराउनुका साथै उनीहरूमाथिको हिंसामा राज्य गम्भीर छ र राज्यले संवेदनशील व्यवहार गर्नुपर्दछ भन्ने अनुभूत गराउनसमेत यो केन्द्र क्रियाशील रहेको छ । यस संरचनालाई सुरूमा महिला सेलको रूपमा स्थापना भएता पनि हाल आएर महिला तथा बालबालिका सेवा केन्द्रको नामबाट चिनिएको छ ।

घरेलु हिंसा, बालविवाह, चेलीबेटी बेचविखन, यौन शोषण, यौन दुराचार, बलात्कार, बालश्रम तथा शोषण र बधुँवा मजदुर जस्ता अपराध तथा शोषणवाट पीडित महिला तथा बालबालिकाहरूलाई न्यायको पहुँच दिलाउन सहयोग गर्ने लक्ष्यसहित यसको स्थापना भएको हो । महिला तथा बालबालिकाविरूद्धका अपराधहरूमा आत्मसम्मान, गोपनीयताको सम्मान गर्नुपर्ने, उनीहरूलाई हेर्ने पूर्वाग्रहिपन, विभेदपूर्ण र लाञ्छनापूर्ण व्यवहारबाट बचाउनु पर्ने तथा उनको मनोविज्ञानलाई बुझी संवेदनशील तरिकाबाट व्यवहार गर्नुपर्ने हुँदा विशेष संयन्त्रको रूपमा यो केन्द्र सञ्चालित रहेको छ ।

विशेष गरी असन्तुलित शक्ति संरचनामा रहेको महिला तथा बालबालिका बढी जोखिममा रहेको वर्ग हुने हुनाले उनीहरूको जोखिमको संवेदनशीलता र प्रभावकारी ढंगबाट सम्बोधन गर्नु नै महिला तथा बालबालिका सेवा केन्द्रको कार्य हो । यसै गरी महिला तथा बालबालिकाविरूद्धको अपराध राज्यविरूद्धको गम्भीर अपराध हो । प्रभावकारी अनुसन्धान र समन्वय प्रणालीसँग आवश्यक सहयोगको आवश्यकता भएको हुँदा विशेष सयन्त्रको रूपमा यो केन्द्रको स्थापना भएको हो ।

प्रहरी प्रधान कार्यालयले पीडितहरूलाई प्रहरी समक्ष उजुरी गर्न आउन सक्ने वातावरण तयार गर्न र अपराधीहरूलाई सजाँय दिलाउनका लागि महिला प्रहरीहरु संलग्न भएको 'विशेष अनुसन्धान समुह' को आवश्यकता महसुस गरी बि.सं. २०५२ सालमा प्रहरी ऐन, २०१२ को दफा ३९ र प्रहरी नियमावली, २०४९ को नियम १६१ अन्तर्गत महिला तथा बालबालिका सेवा केन्द्रहरूको स्थापना गरिएको हो । महिला तथा बालबालिका सेवा केन्द्र महिला तथा बालबालिका निर्देशनालयको प्रत्यक्ष मातहतमा रही हाल महानगरीय प्रहरी आयुक्तको कार्यालय- १, विकास क्षेत्र-५, अञ्चल-१४, जिल्ला- ७५, वृत्त-७, सीमा (वोर्डर)-७ र प्रहरी प्रभाग-१ मा गरी जम्मा ११० वटा महिला तथा बालबालिका सेवा केन्द्रहरु सक्रिय रूपमा क्रियाशील रहेको छ ।

८ हिंसा नियन्त्रण सम्बन्धी राष्ट्रिय/अन्तर्राष्ट्रिय कानुनी संयन्त्र

क. अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी कानुन र यसको दायित्व

हिंसाको रोकथाम गर्ने र हिंसात्मक व्यवहार भएका अवस्थामा त्यसलाई सम्बोधन गरी न्यायिक उपचार उपलब्ध गराउने विषयमा अन्तर्राष्ट्रिय स्तरमै सर्वसम्मत मान्यता स्थापित भएको छ । मानवअधिकारको विश्वव्यापी घोषणापत्र १९४८ ले मानवअधिकारको संरक्षण र न्यायलाई नै शान्तिको आधार मान्दै कसैलाई पनि लिङ्ग, जातपात, सांस्कृतिक पृष्ठभूमि, धनदौलत, धर्म आदिका आधारमा हुन सक्ने भेदभावको संरक्षण गर्ने दायित्व राज्यको हुने किटान गरेको छ । भेदभाव वा अन्य कुनै पनि आधारमा कसैलाई पनि हिंसा र दुर्व्यवहार भएमा पीडितलाई न्यायिक उपचार उपलब्ध गराउने जिम्मेवारी हरेक राष्ट्रमा सरकारकै हो ।

मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा ५ मा कसैलाई पनि यातना दिने, क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा सजाय गरिनेछैन भनेर किटान गरिएको छ । सो घोषणापत्रमा भएको व्यवस्थालाई बाध्यात्मक स्वमा पालना गर्नुपर्ने व्यवस्था गर्नका लागि बनेको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ को धारा ७ मा पनि घोषणापत्रको धारा ५ मा लेखिएको कुरालाई नै दोहोऱ्याइएको छ । यसै गरी महिलाविरूद्धको सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, यातनाविरूद्धको महासन्धि, बालअधिकार महासन्धिमा पनि विभेद, हिंसा, क्रूर, अमानवीय र अपमानजनक व्यवहारलाई मुलुकको कानुनले निषेध गर्नुपर्ने व्यवस्था छ । यी सबै सन्धिहरूको नेपाल पक्षराष्ट्र हो । यस अतिरिक्त संयुक्त राष्ट्रसंघको सुरक्षापरिषद् को महिला, शान्ति र सुरक्षासम्बन्धी प्रस्ताव नं. १३२५, १८२०, १८८८, १८८९ लगायतले महिलाको सबै क्षेत्रमा समान संरक्षण र सहभागिताको प्रत्याभूति गर्ने दायित्व राज्यहरूलाई दिएको छ । यसैले सबै खालका हिंसापूर्ण व्यवहारलाई निषेध गर्नु र त्यस्तो कार्य वा व्यवहारको सिकार भएकालाई उचित राहत र न्याय प्रदान गर्नु नेपालको अन्तर्राष्ट्रिय दायित्व हो ।

ख. हिंसाविरुद्धको संवैधानिक व्यवस्था र दायित्व

नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ ले सबै नागरिकलाई समान कानुनी संरक्षण प्रदान गर्दै कसैलाई पनि धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा, वैचारिक आस्था आदिका आधारमा भेदभाव नगरिने प्रत्याभूति दिएको छ । संविधानको धारा १४ ले जात, वंश, समुदाय वा पेसाका आधारमा कसैलाई पनि भेदभावपूर्ण व्यवहार गर्न नपाइने र त्यस्तो भेदभावपूर्ण व्यवहार गर्नेलाई कानुनले दण्ड गर्ने व्यवस्था गरेको छ । संविधानको धारा २० ले महिला भएकै कारणबाट कुनै पनि खालको भेदभाव गर्न नपाइने व्यवस्था गरेको छ । सोही धाराले महिलाविरूद्ध शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको हिंसाजन्य कार्य गर्न नपाइने र त्यस्तो कार्य गरिएमा गर्नेले दण्डको भार बेहोर्नुपर्ने व्यवस्था छ ।धारा २२ ले बालबालिकालाई हुन सक्ने जुनसुकै खालको हिंसा र शोषणविरूद्ध संरक्षण प्रदान गर्ने कुरा किटान गरेको छ । यस्तै संविधानको धारा २६ ले कुनै पनि व्यक्तिलाई यातना दिने वा निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्न नपाइने र त्यस्तो कार्यलाई कानुनले दण्डनीय बनाउने व्यवस्था गरेको छ । धारा २९ मा प्रथा, परम्परा र

प्रचलनका नाममा वा कुनै पनि किसिमले कसैलाई शोषण गर्न नपाउने, दास वा बाँधा बनाउन नपाउने लगायत संवैधानिक प्रत्याभूति गरेको छ ।

ग. हिंसा नियन्त्रणसम्बन्धी कानुनी व्यवस्था

हिंसात्मक कार्य, क्रूर, अमानवीय तथा अपमानजनक व्यवहारलाई निषेध र नियन्त्रण गर्न र पीडितलाई न्याय प्रदान गर्नका लागि उपर्युक्त मानवअधिकार तथा संवैधानिक व्यवस्थालाई सिरोपर गर्दै मुलुकी ऐन २०२० का विभिन्न महलहरूमा विभिन्न व्यवस्था गरिएका छन् । यसको भाग ४ मा लुटपिट, कुटपिट, बन्धक, अपहरण, चोरी, ठगी, ज्यानमाथिको आक्रमण, करणी, थुनछेक र उपचारका क्रममा गरिने हिंसात्मक व्यवहारलाई अपराधमा दर्ज गरी तिनलाई निषेध गरिएको छ र दण्डको व्यवस्था गरिएको छ ।

यातनासम्बन्धी ऐन २०५३ ले यातना दिने र क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार विरूद्धको कानुनी संरक्षण उपलब्ध गराएको छ । बालबालिकासम्बन्धी ऐन २०४८ ले बालबालिकाविरूद्ध हुन सक्ने हिंसा र दुर्व्यवहारको रोकथाम र उपचारको व्यवस्था गरेको छ । घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६ ले घरेलु हिंसालाई निषेध गरेको छ । यसले घरेलु हिंसाबाट पीडितलाई उपलब्ध गराइने न्यायिक तथा अन्य उपचारका बारेमा पनि यथोचित कानुनी प्रावधान समेटेको छ ।

घ. हिंसा नियन्त्रणको लागि संस्थागत व्यवस्था

नेपालमा परम्परागत रूपले लैङ्गिक हिंसाको ठूलो भाग महिलाविरूद्धको हिंसा रूपमा रहँदै आएको छ । यसलाई राज्यप्रणालीले सकार गरेको छ । यसको रोकथाम र न्यूनीकरणको आवश्यकतालाई राज्यले प्राथमिकताको विषय मानेकै कारणले उल्लिखित कानुनी व्यवस्था भएको हो । उल्लिखित व्यवस्थाहरूका अतिरिक्त नेपालको विभिन्न कानुनमा नेपाल प्रहरीको भूमिका विभिन्न किसिमले उल्लेख रहेको छ । यसो भए पनि नेपाल प्रहरीको नीतिगत, संरचनागत र प्रक्रियागत व्यवस्थालाई सुनिश्चित गर्ने कानुन भनेका प्रहरी ऐन २०१२ र प्रहरी नियमावली २०४९ नै हुन् । यिनले प्रहरीसेवाका आधारभूत पक्षको नीतिगत, संरचनागत र प्रक्रियागत पक्षहरूलाई निर्दिष्ट गर्नुपर्ने हुन्छ र धेरै मामिलामा त्यो स्पष्ट र निर्दिष्ट नै छ पनि ।

तथापि, उपयुक्त संवैधानिक तथा कानुनी व्यवस्थाले महत्व दिएअनुरूप महिला र बालबालिकाको सेवाका लागि नेपाल प्रहरीभित्र हुनुपर्ने नीतिगत, संरचनागत र प्रक्रियागत व्यवस्था विद्यमान समस्याको गम्भीरतालाई सम्बोधन गर्न सक्ने अवस्थाको छैन । उदाहरणका लागि, महिला र बालबालिकालाई उपलब्ध गराइने सेवा प्रहरी सेवाको एक विशिष्ट प्रकारको सेवाको रूपमा रहेको भए पनि प्रहरी नियमावलीको नियम ३ मा जनपद प्रहरी, सशस्त्र प्रहरी, पहरा प्रहरी, दङ्गा नियन्त्रण प्रहरी, ट्राफिक प्रहरी र महानगरीय प्रहरी लगायतका प्रहरी सेवाको उल्लेखित गरेको छ । तर महिला तथा बालबालिका सेवा केन्द्रलाई उल्लेख गरेको छैन । यसै गरी नियम ५ ले नेपाल प्रहरीका कार्यालयहरू र तिनका प्रमुखको व्यवस्था गरेको छ त्यसमा महिला तथा बालबालिका सेवा केन्द्रले स्थान पाउन सकेको छैन । यसै गरी नियम ८ अन्तर्गत जिल्ला प्रहरी कार्यालयको मातहतमा नगर प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय, सशस्त्र प्रहरी, ट्राफिक प्रहरी कार्यालय, प्रहरी चौकी र जिल्लास्तरका अन्य प्रहरी कार्यालयहरू रहने व्यवस्था गरेको छ । तर, महिला, बालबालिका सेवाकेन्द्रसम्बन्धी व्यवस्थालाई समावेश गरिएको छैन । यी लगायत सो निर्देशनालय र सेवा केन्द्रका नीतिगत तथा संरचनागत व्यवस्थाका बारेमा ऐन नियममै राखिनुपर्ने प्रावधान समेटिन सकेका छैनन् ।

५ सेवा केन्द्रहरूसँग सम्बन्धित समस्या

क. हिंसाको प्रभावकारी नियन्त्रणका लागि मानव तथा भौतिक स्रोत साधनको अभाव

सेवा केन्द्रको छुट्टै र पर्याप्त कार्यकक्ष नहुनु, सवारी साधनको अभाव रहनु, सुरक्षा र संरक्षण, राहत उपलब्ध गराउने अधिकार तथा स्रोतसाधनको बन्दोबस्त नहुनु, भौतिक सुविधाको कमि हुँदा पीडक थुन्ने ठाउँको अभाव आदि जस्ता भौतिक स्रोत साधनहरूको अभाव रहेको देखिन्छ ।

हिंसापीडित व्यक्तिहरूका हितमा मुद्दा चलाउने, स्थानीय स्तरमा केन्द्रको सम्पर्क र समन्वयका लागि व्यवस्था नहुनु लगायतका कानुनी तथा नीतिगत समस्या रहेको देखिन्छ ।

सेवा केन्द्रमा पर्याप्त जनशक्ति नहुनु, सेवा केन्द्रमा कार्यरत प्रहरी जनशक्ति छिटोछिटो फेरिइराख्नु, भएका जनशक्तिको क्षमता विकासका लागि पर्याप्त स्रोतसाधन तथा कार्यक्रम नहुनु, जनशक्तिहरूमा पनि लैङ्गिक न्याय सम्बन्धी ज्ञानको कमीजस्ता समस्याहरु महिला तथा बालबालिका सेवा केन्द्रको मुख्य समस्या र चुनौती रहेको देखिन्छ ।

ख. कानुनी तथा कार्यविधिगत समस्या

प्रभावकारी कार्यपद्धति अवलम्बन हुन नसक्नाले पीडकले उन्मुक्ति पाउने गरेको, कतिपय अवस्थामा मिलापत्र भएपछि पनि दोहोरिएर मुद्दा पर्ने गरेको, पीडितलाई उपलब्ध गराउन सकिने राहतमूलक र पुनःस्थापनासम्बन्धी सेवाका लागि स्रोतसाधन नहुने गरेको कारणले सेवा केन्द्रले उपलब्ध गराउने सेवाबाट सेवाग्राहीमा न्यायको पहुँच र सेवाको अनुभूत हुन नसकेको अवस्था छ । बहुविवाह र घरेलु हिंसाजस्ता विषय सेवा केन्द्रका मुख्य सरोकारका विषय हुँदाहुँदै पनि कानुनी प्रावधान र अख्तियारीको स्पष्ट अभावमा महिला तथा बालबालिकाउपर भइरहेका हिंसात्मक व्यवहारको रोकथाम तथा न्यूनीकरणमा सेवाकेन्द्रले भूमिका खेल्न पाएको छैन । यसरी यो संयन्त्र क्रियाशील रहँदारहँदै पनि पीडितलाई न्याय अनुभूत हुने गरी सेवा केन्द्र महिला तथा बालबालिकामैत्री भएर काम गर्न सकिरहेको छैन ।

महिला तथा बालबालिका सेवा केन्द्रमा महिला प्रहरीको दरबन्दीमा बृद्धि भइरहेता पनि यस्ता वृद्धि नगण्य भएकोले महिला विरूद्धका हिंसाका घटना र प्रकृतिलाई सम्बोधन गर्न सक्ने अवस्थाको छैन । केही जिल्लामा मात्र सेवा केन्द्रकालागि भवन, फर्निचर, टेलिफोन, कम्प्युटर आदि भौतिक पूर्वाधार उपलब्ध छ तर धेरै जिल्लामा अद्यापि यस्ता पूर्वाधारको कमी छ । पीडित महिला र बालबालिकाको संवेदनाअनुरूप अनुसन्धानप्रक्रियामा कायम राख्नुपर्ने गोपनीयताको पालना हुनमा पूर्वाधार र स्रोतसाधनको अभावले बाधा पुग्दैआएको पाइन्छ । अधिकांश जिल्लाका सेवा केन्द्रसँग सवारी साधनको अभावले पीडितको शीघ्रातिशीघ्र उद्धार तथा उपचार र पीडकको खोजीतलासी गर्ने वा नियन्त्रण लिने कार्यमा कठिनाइ रहेको छ । पीडितलाई अपराधबारेको सूचना वा जाहेरीको लिखित रूप तयार गर्न कानुनी ज्ञान समेत भएको सामाजिक सेवा निःशुल्क उपलब्ध हुन सकेको छैन । यसले समयमा उजुर, निवेदन र जाहेरी दरखास्त लेखबद्ध गर्नमा समस्या भेल्नुपरेको छ ।

६ सेवा केन्द्रको सुदृढीकरणका लागि नीति वकालत पत्रमा गरिएको सुझावहरु

संविधानले महिलाउपर हुने हिंसाविरूद्ध संवैधानिक संरक्षण प्रदान गरी मौलिक हक कायम गरेको सन्दर्भमा प्रहरी ऐनमा प्रहरीका काम, कर्तव्यभित्र महिलाविरूद्धको हिंसाबाट पीडित भएका महिलाको उद्धार, संरक्षण र न्यायको लागि सहजीकरणको संयोजन गर्ने कुरा पनि समावेश गरेमा मात्र सिङ्गो प्रहरी सङ्गठनले यसलाई जिम्मवेारीको रूपमा लिन्छ । अतः प्रहरी ऐन २०१२ को दफा १५ (१) मा हिंसाबाट पीडित भएका महिलाको उद्धार, संरक्षण र न्यायको लागि सहजीकरणको संयोजन भन्ने वाक्यांश थप गर्नुपर्छ ।

स्थायी साङ्गठनिक संरचनाको व्यवस्था: महिला तथा बालबालिका सेवा निर्देशनालय र सेवा केन्द्रहरु नेपाल प्रहरीको साङ्गठानिक संरचनाका स्थायी एकाइ रहनुपर्ने कुरा हिंसासम्बन्धी विद्यमान समस्याको अवस्था, विशिष्टीकृत सेवाको खाँचो र महिला तथा बालबालिका मैत्री व्यवहारसमेतका दृष्टिबाट आवश्यक भइसकेको छ । यसो हुनाले निर्देशनालय र सेवा केन्द्रलाई तदर्थ रूपमा सञ्चालन नगरी नियमित स्वरूपमा बदल्नका लागि प्रहरी नियमावलीमा संशोधन गरी यिनलाई पहिचानप्राप्त कार्यालय र एकाइका रूपमा स्थापित गरिनुपर्छ । साथै, नेपाल प्रहरीको दरबन्दी तथा बजेटमा यिनको दरबन्दी तथा बजेट निर्धारित रूपमै राखिने कुरा सुनिश्चित पारिनुपर्छ ।

आवश्यक मानवीय र भौतिक स्रोत र साधनको व्यवस्था: महिला तथा बालबालिका सेवा केन्द्रका चाहिने पूर्वाधारको व्यवस्था गर्दै सेवा केन्द्रको प्रभावकारिताका लागि आवश्यक मानवीय तथा भौतिक स्रोत र साधनको व्यवस्था गरिनुपर्छ । महिला तथा वालवालिकासँग सम्बन्धित सूचनाहरुको छुट्टै व्यवस्थापनका लागि सेवा केन्द्रको आधुनिकीकरण गरिनु पर्दछ । विशेष गरी महिला, बालबालिका सेवा केन्द्रको इ-नेटवर्किङ्ग, कम्प्युटराइज्ड र अन्य आधुनिक प्रविधिद्वारा सम्पन्न गरिनु पर्दछ । यस्तै हिंसा पीडित महिलालाई आपतकालिन सेवा उपलब्ध गराउन छुट्टै सवारी साधन लगायत आवश्यक मानवीय र भौतिक स्रोत साधन सम्पन्न गर्नुपर्दछ ।

महिलासम्बन्धी विवादहरु सेवा केन्द्रमा सिफारिस गर्ने कानुनी व्यवस्था: महिला तथा बालबालिका हिंसाविरूद्धका विद्यमान कानुनी प्रावधान जस्तैः घरेलु हिंसा नियन्त्रण (कसूर तथा सजाय) ऐनको दफा ४ को उपदफा ८ मा पीडितले चाहेमा प्रहरी कार्यालयमा उजुरी परेको मितिले ३० दिनभित्र मेलमिलाप गराइदिनु पर्ने छ भन्ने र उपदफा ९ मा यसरी मेलमिलाप गराउँदा आवश्यकताअनुसार उपलब्ध भएसम्म मनोचिकित्सक, समाजशास्त्री, समाज सेवी लगायतका व्यक्तिहरूको सहयोग लिन सकिने व्यवस्था गरेको छ । उक्त ऐनको व्यवस्थामा यस्ता घरेलु हिंसासम्बन्धी विवादहरूको मेलमिलाप गराउने जिम्मेवारी स्थानीय स्तरमा उपलब्ध भएसम्म सेवा केन्द्रलाई हुने र मेलमिलापसम्बन्धी ऐन, २०६८ को दफा ३३ र ३४ अनुसार समुदायमा मेलमिलाप हुन नसकेका विवादहरू सम्बन्धित निकायमा सिफारिस हुँदा महिला तथा बालबालिकासँग सम्बन्धित विवादहरू यस्ता सेवा केन्द्रमा सिफारिस गरिने गरी कानुनी व्यवस्था संशोधन गरी महिलामैत्री वातावरणमा कार्यसम्पादन गर्ने गरी सेवाकेन्द्रलाई प्रभावकारी र उचित भूमिका दिइनुपर्छ ।

आपतकालिन पीडित उद्धार कोषको व्यवस्था: महिला तथा बालबालिका सेवा केन्द्रलाई पीडितहरुका लागि सुरक्षा र संरक्षण

गर्ने निकायको स्रमा विकास गर्नका लागि स्थानीय निकायबाट सामाजिक सुरक्षाको स्रमा उपलब्ध हुने विशेष आर्थिक सहायताबाट पीडित उद्धार कोषमा रकम उपलब्ध गराउने नीतिगत तथा कार्यमूलक व्यवस्था हुनुपर्छ ।

सेवा केन्द्र तथा अन्य सेवा प्रदायक निकायबीच सिफारिस प्रणाली: महिला तथा बालबालिका सेवा निर्देशनालय र केन्द्रका काम कारवाही तथा भूमिकालाई प्रभावकारी तथा परिणाममुखी तरिकाले सम्पन्न गर्ने गरी दुवै निकाय क्रियाशील हुन र अन्य निकाय तथा संघसंस्थाको सहयोगलाई समेत निर्दिष्ट गर्ने गरी महिला तथा बालबालिका सेवा निर्देशिका प्रहरी प्रधान कार्यालयले तर्जुमा गरी जारी गर्नुपर्छ । यसमा अन्य कुराको अतिरिक्त, सेवा केन्द्रले पीडितलाई गर्ने सहयोग तथा स्वास्थ्य तथा कानुनी उपचारका लागि उपलब्ध गराउनुपर्ने सामाजिक तथा कानुनी सेवाको उपलब्धका लागि सेवादाता व्यावसायिक तथा गैरसरकारी संस्थाको सेवालाई संयोजन गर्ने कुरा समेटिनुपर्छ ।

क्षमता अभिवृद्धि तथा प्रशिक्षण: निर्देशनालय तथा सेवा केन्द्रमा काम गर्ने जनशक्तिलाई मानवअधिकार, पीडित न्याय, मेलमिलाप तथा विवाद समाधानसँग सम्बन्धित आधारभूत जानकारी रहेको प्रशिक्षण अनिवार्य प्राप्त गरेको हुनु पर्ने व्यवस्थालाई कडाइका साथ लागू गरिनुपर्छ । कानुनको संशोधन तथा नयाँ परिवेश अनुसार यस्तो प्रशिक्षण कार्यक्रमहरू तथा पुर्नताजगी कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनु पर्दछ । यसका लागि सम्बन्धित क्षेत्रमा काम गर्ने संघसंस्थासँग सहकार्य गर्ने अख्तियारी रहनुपर्छ ।

पर्याप्त महिला प्रहरी दरबन्दी र नियुक्ति: नेपाल प्रहरीभित्र महिला प्रहरीको संख्या हालसम्म पनि अत्यन्त न्यून अनुपातमा रहेको परिप्रेक्ष्यमा महिला प्रहरीको दरबन्दी वृद्धि गरिनु पर्दछ । यस्तै महिलाहरूलाई प्रहरी सेवामा भर्ना हुन उत्प्रेरित गर्ने वातावरण सिर्जना गर्नुको साथै विवाहित र बालबालिका भएका महिलाले समेत प्रहरी सेवामा भर्ना हुन सक्ने व्यवस्था गरिनु पर्दछ । साथै महिला प्रहरीको लागि छुट्टै शौचालय तथा व्यारेकको व्यवस्था तथा बच्चा हेर्ने सुविधा लगायतको लैङ्गिक मैत्री कार्यस्थल निर्माण गरिनुपर्दछ ।

सेवा केन्द्रको विकेन्द्रीकरण: निर्देशनालयलाई क्षेत्रीय वा महानगरीय स्तरमा र सेवा केन्द्रलाई इलाका प्रहरी कार्यालयका तहसम्म विस्तार गरी आमनागरिकका लागि पहुँचिलो बनाइनुपर्छ । साथै सो केन्द्रमा कार्यरत जनशक्तिको क्षमता विकास एवम् सशक्तिकरण गरिनु पर्दछ । सेवा केन्द्रको प्रभावकारी सञ्चालन तथा सेवाग्राहीलाई सुरक्षाको अनुभूति दिलाउन सेवा केन्द्रलाई आवश्यक पर्ने बजेट राज्यले विनियोजन गर्नुपर्दछ ।

सेवा केन्द्र र अन्य सरकारी निकायहरुबीच समन्वय: निर्देशनालयले राष्ट्रिय महिला आयोग, महिला तथा बालबालिका विभाग र कार्यालयसँग समन्वय गरी कार्यक्रम लागू गर्न सक्ने गरी कार्यादेश दिइनुपर्छ । सो निर्देशनालय अन्तर्गत सञ्चालित प्रशिक्षण सामग्रीहरूको विकासमा लैङ्गिक मैत्री बनाउन राष्ट्रिय महिला आयोगसँग अनिवार्य सहकार्य गर्ने व्यवस्था गरिनु पर्दछ । साथै गम्भीर प्रकृतिका लैङ्गिक हिंसाका घटनाहरूमा राष्ट्रिय महिला आयोगसँग समन्वय गरी पीडितलाई न्याय दिलाउने सम्बन्धमा समन्वयात्मक कार्य गर्ने सुनिश्चित हुनुपर्छ ।

रणनीतिक कार्ययोजना तथा अनुगमन एवम् मूल्याङ्कन: निर्देशनालय र सेवा केन्द्रको आवधिक रणनीतिक योजना तयार हुनुपर्छ । त्यसमा तिनले योजना अवधिमा गर्ने सेवाको मात्रात्मक तथा गुणात्मक उपलब्धिको प्रक्षेपण गरिनुपर्छ र तिनलाई वार्षिक कार्ययोजनामा ढालेर कार्यान्वयन गरिनुपर्छ । विदेशी तथा अन्तर्राष्ट्रिय सरकारी तथा गैर-सरकारी संघसंस्थाको सहयोगलाई सो रणनीतिक योजना र वार्षिक कार्ययोजनामा समाहित गरेर मात्र कार्यान्वयन गरी योजनाबद्ध कार्यपद्धतिलाई लागू गरिनुपर्छ ।

महिला, कानुन र विकास मञ्च (FWLD)
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन: ९७७(०)१ ४२४२६८३/४२६६४१५
फ्याक्स: ९७७ (०)१ ४२४०६२७
इमेल: fwld@fwld.wlink.com.np
वेभसाइट: www.fwld.org

इन्टरनेशनल एलर्ट (International Alert)
पो.ब.नं. २४११८, ललितपुर, नेपाल
फोन: ९७७-१-५५२३६२०
फ्याक्स: ९७७-१-५५२८४६८
इमेल: nepal@international-alert.org
वेभसाइट: www.international-alert.org

मानव अधिकार सञ्चार प्रतिष्ठान, नेपाल (IHRICON)
पो.ब.नं. ५१८८, काठमाडौं, नेपाल
फोन: ९७७(०)१ ४२५३९४३
फ्याक्स: ९७७ (०)१ ४२१६१४८
इमेल: ihiricon@mos.com.np
वेभसाइट: www.ihiricon.org.np

सेफर वर्ल्ड (Saferworld)
नेपाल कार्यालय
पो.ब.नं. १३५७६, काठमाडौं, नेपाल
फोन: ९७७(०)१ ५५२२ ४९१
इमेल: general@saferworld.org.uk
वेभसाइट: www.saferworld.org.uk